# पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/११/२७**

कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन भएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि यस पाथीभरा याङवरक गाउँपालिका, थेचम्बु, ताप्लेजुङमा समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता र अपाङ्गता सहायता सहजकर्ता पदमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०४/०८२/०८३ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | १ (एक) | ४०० | |
| ०५/२०८२/०८३ | अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै) | १ (एक) | ३०० | |

**१. आवश्यक शैक्षिक योग्यता र अनुभवः**

(क) **समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ताको लागिः**

- मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।
- सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने तर, छनोट गर्दाका बखत उल्लेखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,
- नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,
- नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,
- कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

(ख) **अपाङ्गता सहायता सहजकर्ताको लागिः**

- मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
- अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको कम्प्युटर सम्बन्धी तालिम भएको, बहिरा नागरिकका लागि सांकेतिक भाषा दोभाषे तालिम प्राप्त गरेको स्थानिय अपाङ्गता भएको महिलालाइ विशेष प्राथमिकता दिइने छ ।

**२. दरखास्त दिने स्थानः** पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय, थेचम्बु, ताप्लेजुङ ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/११ गते कार्यालय समय भित्र।

**४.आवेदन दस्तुर बुझाउने प्रकृयाः** पाथीभरा याङवरक गाउँपालिकाको लक्ष्मी सनराईज बैंकको आन्तरिक राजश्व खाता नं.:०९२०३०००००५१ जम्मा गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

५. **छनौटको किसिमः**

क) **समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ताको लागिः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता।

ख) **अपाङ्गता सहायता सहजकर्ताको लागिः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, विविध पक्षको मुल्याङ्कन र अन्तर्वार्ता।

६.**आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरुः

- नेपाली नागरिकता,
- न्युनतम योग्यताको लब्धाङ्क पत्र,
- चारित्रिक प्रमाणपत्र,
- अनुभव खुल्ने कागजात,
- अपाङ्गता भएका व्यक्ति (अपाङ्गता सहायता सहजकर्ताको लागि)
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- २ प्रति पासपोर्ट साइजको फोटो,

७. **उमेरः** पुरुषका हकमाः १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमाः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

८. **सेवा सुविधाः** गाउँपालिकाको करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

९.**आवेदनको ढाँचा र अन्य जानकारीः** इच्छुक उम्मेद्वारले यस गाउँपालिकाको इमेल ठेगाना pathivarayang@gmail.com मा पनि दरखास्त दिन सकिनेछ, साथै आवेदनको फारम पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय र कार्यालयको **Website:** www.pathivarayangwarakmun.gov.np मा उपलब्ध गरिएको छ। रित पुर्वक पेश नभएका तथा म्याद नाघि आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट समितिले मापदण्ड पुरा गरेका आवेदन लाई मात्र छोटो सूचीमा समावेश गरिने छ। अन्य जानकारीको लागिः ९८४००३७९६१ मा सम्पर्क गर्न सकिने छ।

..............................
इन्द्र कमल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत